
## नेपाल सरकार
## भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
## सिंहदरवार, काठमान्डौं
## ारिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम वारे संक्षिप्त विवरण

रिब परिवार पहिचानको लागि आवश्यक तथ्याङ्क
कलन तथा विश्लेषण गर्ने र गरिब परिवारको रुपमा
हिचान भएका परिवारलाई सो को परिचयपत्र वितरण गर्ने
कियालाई व्यवस्थि गर्न आवश्यक भएकोले सुशासन (
वस्थापन तथा सञ्चालन) ऐन,२०६४ को दफा ४५ ले
एको अधिकार प्रयोग गरि नेपाल सरकारले जारि गरेको
र्देशिका बमोजिम हरिपुर नगरपालिकामा यो कार्यक्रम
गु गरेको छ ।

**र्यक्रमको छोटो जानकारी**

**कार्यक्रम संचालन** :- मन्त्रालयले गरिब परिवार पहिचान
या
रिचयपत्र
तरणको
गि
भिन्न
ानीयतह



र्यक्रम
ञ्चालन गरिरहेको छ ।

**गरिब परिवार पहिचान** :- गरिब परिवारको पहिचान
ाय बमोजिमको सूचकको आधारमा गरिनेछ

**जनसंख्यिक तथा मानवीय अवस्था** : परिवारको आकार,
रवारको शैक्षिक अवस्था, परिवारमा निजी स्कूलमा
ययनरत वालवालिका, परिवारको औषत आयु,

परिवारको सदस्यको रोजगारीको अवस्था, आम्दानीको
त, परिवारमा आश्रित व्यक्तिहरुको संख्या,

**ग) बसोबास(घर) को भौतिक अवस्था** : घरको स्वामित्व, घरको छानो, घरको भित्ता, घरको जगको प्रकार, घरमा भएको कोठा संख्या,

**घ) घरायसी सुविधा** : पिउने पानीको उपलब्धता, शौचालयको सुविधा र प्रकार, खाना पकाउने इन्धन, बतीको स्रोत,

ङ) घरायसी सम्पति : गाडी, इन्टरनेट जडान, केबल टेलिभिजन, टेलिफोन, रेफ्रिजरेटर, पशु चौपाया, चराचुरुङ्गीको संख्या आदि,

**च) भौगोलिक क्षेत्र तथा क्षेत्रगत गरिबीको अवस्था** : भौगोलिक क्षेत्रगत अवस्था (हिमाल, पहाड, तराई)

**छ) जातजातिगत गरिबीको अवस्था** : सीमान्तकृत जातजातिगत समूह,

ज) जग्गा जमिनको अवस्था र त्यसको अनुमानित मूल्य

**झ) परिवारको आम्दानी** : माथि उल्लेखित चरहरुलाई आधार मानेर परिवारको समग्र अनुमानित आम्दानीको प्रक्षेपण गर्ने ।

*नोट : परिवारको समग्र अनुमानित आम्दानीको आधारमा मापदण्ड निर्धारण गरी गरिब परिवार र गरिबीको प्रकार पहिचान गर्ने ।*

३.वुदा नं २ मा उल्लेख भएका सूचकका अतिरिक्त मन्त्रालयले आवश्यक्ता अनुसार पारिवारिक जीवन स्तरलाई प्रभाव पार्ने अप्रत्यक्ष सूचक समेतलाई आधार लिन सक्ने छ,

४. **गरिब परिवार पहिचानको मापदण्ड बनाउने** : वुदा नं २ बमोजिमको सूचकका अधिनमा रही मन्त्रालयले गरिब परिवारको पहिचान गर्न आवश्यक मापदण्ड बनाउने छ ।

५.गरिब परिवारको पहिचान गर्न मापदण्ड बनाउँदा देहायका विषयलाई आधार लिन सकिनेछ ।

क)नेपाल सरकारका विभिन्न निकाय, आयोजना, परियोजना वा कार्यक्रममा अवलम्वन गरिएका आधार र मापदण्ड,

ख).अन्तराष्ट्रिय संस्था वा विदेशी मुलुकमा अभ्यास गरिएका विधि, आधार र मापदण्ड,

ग) यस क्षेत्रमा कार्य अनुभव भएका विज्ञ, निकाय वा संस्थाको राय सल्लाह वा सुझाव

**६. परिवार छनौट विधि** : मन्त्रालयले कार्यक्रम सञ्चालन गरेका स्थानीय तह मार्फत् जारी भएको निर्देशिका बमोजिम गरिब परिवार छनौट गर्ने छ ।

**७. तथ्याङ्क संकलनको लागि जनशक्ति परिचालन** : कार्यक्रम सञ्चालन सम्वन्धि निर्देशिका बमोजिम गरिब परिवार पहिचानको लागि तथ्याङ्क संकलन गर्न देहाय बमोजिमका जनशक्ति परिचालन गरिनेछ

क) गणक,
ख) सुपरिवेक्षक,
ग) सुचना प्रविधि अधिकृत र
घं अन्य कर्मचारी ।

**८. गरिब परिवारको वर्गीकरण र प्रारम्भिक सूची प्रकाशन** : मन्त्रालयले संकलित तथ्यांक विश्लेषण तथा स्वीकृत परिमार्जित सूची समेतको आधारमा गरिब परिवारलाई देहाय बमोजिम वर्गीकरण गर्नेछ ।

क) अति गरिब,
ख) मध्यम गरिब,
ग) सामान्य गरिब ।

९. मन्त्रालयले सवै सूचकको अधिनमा रही पहिचान गरी वुदा नं. ८ बमोजिम वर्गीकरण भएका परिवारहरुको प्रारम्भिक सूची सर्व साधारणको जानकारीको लागि सम्वन्धित स्थानीय तहमा प्रकाशनको लागि पठाउने छ ।

१०. गरिब परिवारको सूची प्रकाशनको लागि पठाउँदा गरिब परिवार समावेश गर्नुपर्ने व्यक्तिको नामावली र निजहरुको वुदा नं. ८ बमोजिमको वर्गीकरणको स्तर समेत उल्लेख गर्नुपर्नेछ ।

यसरी प्रकाशन हुने गरिब परिवारको सूचीमा चित्त
झे व्यक्तिले त्यस्तो सूची प्रकाशन भएको मितिले पन्ध्र
भित्र आधार र कारण खोली सम्बन्धित स्थानीय तह
क्ष उजुरी दिन सक्नेछ ।

यसरी प्राप्त उजुरी उपर सम्बन्धित स्थानीय तहले पन्ध्र
भित्र आवश्यक छानबिन गर्नेछ ।

परेको उजुरी उपर स्थानीय तहले छानबिन गर्दा सूची
याउनु पर्ने देखिएमा स्थानीय तहले नगरकार्यपालिकाबाट
िय गराई विवरण सच्याउनको लागि सिफरिस गरी
उनु पर्नेछ ।

**सूची परिमार्जन गर्ने :** वुदा नं. ८ बमोजिम सम्बन्धित
नीय तहमा प्राप्त विवरण अनुसार सूचीमा सच्याउनु पर्ने
स्था देखिएमा सच्याई समितिको सिफारिसमा मन्त्रालयले
ब परिवार पहिचानको परिमार्जित सूची तयार गर्नेछ ।

**झुट्टा विवरण वा जानकारी दिन नहुने :** गरिब परिवार
चयपत्र पाउने उदेश्यले कुनै व्यक्तिले कुनै झुट्टा सुचना,
, विवरण वा जानकारी दिन हुदैन ।

झुट्टा विवरण दिनेहरुको सूची तयार गरी सम्बन्धित
नीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले
तो सूचीको अभिलेख राख्नेछ ।

कसैले झुट्टा विवरण दिएको वा कार्य गरेको पाइएमा
चयपत्र बाहकले यस निर्देशिका बमोजिम पाइरहेको
धा रोक्का गरी त्यस्तो परिचयपत्र मन्त्रालयले रद्ध गर्नेछ,
गरिब परिवार परिचयपत्र पाउनको लागि झुट्टा विवरण
गर्ने कार्य प्रचलित कानुन बमोजिम कसुर हुनेमा त्यस्तो
नुन बमोजिम कारवाही चलाउन मन्त्रालयले सम्बन्धित
ायमा लेखी पठाउनु पर्नेछ ।

**परिचयपत्र जारी नगर्ने वा स्थगित गर्ने :** अदालतवाट
कारी फौजदारी मुद्दामा समाह्वान जारी भई हाजिर
एको वा कैदको सजाय तोकिएको फरार व्यक्तिलाई निज
हाजिर नभएसम्म परिचयपत्र दिने कार्य स्थगित गर्न सकिनेछ ।

१९. वुदा नं. १८ बमोजिमका व्यक्तिको हकमा निजको परिवारको अन्य सदस्यको नाममा परिचयपत्र जारी गर्न सकिनेछ ।

२०. कुनै कारणले परिचयपत्र नपाउनु पर्ने व्यक्तिको परिवारको नाममा परिचयपत्र जारी भएको भनी कसैले मन्त्रालयमा उजुरी गरेमा छानविनको अवधिसम्म मन्त्रालयले निजको परिचयपत्र स्थगन गर्न सक्नेछ ।

२१. छानविन सम्पन्न भएपछि परिचयपत्र नपाउनु पर्ने व्यक्तिले परिचयपत्र पाएको देखेमा मन्त्रालयले त्यस्तो परिचयपत्र रद्ध गर्नेछ ।

**२२. गोपनीयता :** प्रचलित कानुनले तोकेको वा अदालतले आदेश दिएको अवस्थामा बाहेक यस निर्देशिका बमोजिम संकलित तथ्यांक गोप्य रहनेछ ।

२३. यस निर्देशिका बमोजिम संकलित तथ्यांक मन्त्रालयको अनुमति नलिई संकलनकर्ता वा अरु कसैले अर्को व्यक्ति वा संस्थालाई उपलब्ध गराउन वा अन्य प्रयोजनको लागि प्रयोग गर्नु गराउनु हुदैन । यस्तो कार्य गरेको पाइएमा प्रचलित कानुन बमोजिम सजाय गर्न सम्बन्धित निकायमा लेखि पठाइनेछ ।

२४. वुदा नं. २३ मा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले गरिब परिवार पहिचानको सूची सरोकारवालाको हितको सन्दर्भमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहलाई उपलब्ध गराउन सक्नेछ ।

**२५. विवरण अद्यावधिक गर्ने :** मन्त्रालयले गरिब परिवारको सूची प्रत्येक पाँच वर्षमा अद्यावधिक गर्न सक्नेछ ।

**२६. सुविधा सहुलियत प्राप्त गर्ने :** यस निर्देशिका बमोजिम परिचयपत्र प्राप्त गर्ने व्यक्ति वा परिवारले प्रचलित कानुन बमोजिम सार्वजनिक तथा अन्य निकायबाट प्रदान गरिने सेवा सुविधा र सहुलियत प्राप्त गर्न सक्नेछन् ।

**२७. व्याख्या गर्ने :** यो निर्देशिका कार्यान्वयन गर्ने सन्दर्भमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्याख्या गर्न सक्नेछ ।

**२८. अनुसूचीमा थपघट तथा हेरफेर :** मन्त्रालयले यस निर्देशिकाको अनुसूचीमा आवश्यकता अनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**२९. अधिकार प्रत्यायोजन :** मन्त्रालयले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३०. **खारेजी तथा बचाउ :**

१) गरिब परिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका, २०६९ खारेज गरिएको छ ।

२) गरिब परिवार पहिचान सम्बन्धि आर्थिक निर्देशिका, २०७२ खारेज गरिएको छ ।

३) वुदा नं. ३० को १ र २ मा उल्लिखित निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

धन्यवाद ।
हरिपुर नगरपालिका
हरिपुर, सर्लाही

